गाउँ कार्यपालिकाको निर्णय प्रमाणित २०८०।१२।१६

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिम्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

आज मिति २०८० साल चैत्र महिनाको १६ गतेका दिन दिउसो ३ बजे यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहाएका प्रस्तावहरु माथि छलफल गरी निम्न अनुसारका निर्णयहरु गरियो।

उपस्थिति:

| क.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वीर बहादुर गिरी | अध्यक्ष | |
| २ | श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३ | श्री ऐन बहादुर गिरी | सदस्य गाउँकार्यपालिका | |
| ४ | श्री वीर बहादुर घर्ती | सदस्य गाउँकार्यपालिका | |
| ५ | श्री राम बहादुर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ६ | श्री बिष्णु बहादुर रावत | सदस्य गाउँकार्यपालिका | |
| ७ | श्री गोरख बहादुर थापा | सदस्य गाउँकार्यपालिका | |
| ८ | श्री डम्मर बहादु महतारा | सदस्य गाउँकार्यपालिका | |
| ९ | श्री विशाल किरण बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| १० | श्री योज्ञेन्द्र बहादुर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ११ | श्री दान वहादु शाही | सदस्य गाउँकार्यपालिका | |
| १२ | श्री दील बहादुर नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १३ | श्री दिपक नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १४ | श्री कमला कामी | सदस्य गाउँकार्यपालिका | |
| १५ | श्री कल्पना नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १६ | श्री बिष्णु वि.क. | सदस्य गाउँकार्यपालिका | |
| १७ | श्री नैनी नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १८ | श्री डिनायट घर्ती | सदस्य सचिव गा.का.पा. | |

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१२/१६ आ.व. २०८०।८१ बैठक संख्या ०७

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव तथा निर्णयहरु :

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा।
२. अस्थायी आवास सम्बन्धमा सम्बन्धमा।
३. योजनाको प्राथमिकीकरण एवं माग सम्वन्धमा।
४. दोविल्ला देउल सडक सम्बन्धमा।
५. ध्यापाटाकुरा लिम्सा सडक स्तरोन्नती म्याद थप सम्वन्धमा।
६. भगवती थान मन्दिर देखि खरि खोला सडक डलान सम्वन्धमा।
७. कर्मचारी इन्सेन्टिभ सम्बन्धमा।
८. रकमान्तरण सम्वन्धमा।
९. रकम भुक्तानी सम्वन्धमा।
१०. योजनाको नाम र रकम संशोधन सम्बन्धमा।
११. आर्थिक सहायता सम्वन्धा।

**निर्णय नं. १ - अघिल्ला कार्यापालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा।**

बारेकोट गाउँपालिकाको अघिल्ला कार्यपालिका वैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्वन्धमा समिक्षा गरियो। कार्यपालिका निर्णहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २ - अस्थायी आवास सम्बन्धमा सम्बन्धमा।**

मिति २०८० साल कार्तिक १७ गते राती रामीडाँडा केन्द्रविन्दु वनाएर गएको भुकम्पवाट क्षेती भएका घरहरुको अस्थायी आवास टहरा निर्माण गर्नका लागि अस्थायी आवास निर्माण कार्यविधी दोश्रो संशोधन २०८० अनुसार पहिलो किस्ता रकम ५११२ जनालाई निकासा गरिसकेको र अन्य संघ सँस्थाहरुले २६० वटा निर्माण गरेको देखिएको हुँदा रु २५,००० का दरले पहिलो किस्ता भुक्तानी दिएको ५११२ जनाको भुक्तानीलाई अनुमोदन गरी जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति जाजरकोट संग दोस्रो किस्ता रकम माग गर्ने।

**निर्णय नं ३ - योजनाको प्राथमिकीकरण एवं माग सम्वन्धमा।**

गाउँपालिका भित्रको आर्थिक सामाजिक एवं भौतिक विकास गर्नको लागि आवश्यक पर्ने योजनाहरु स्थानीय सरकारले निर्माण गर्न प्रयास स्रोत अभाव भएको हुँदा उक्त योजनाहरुलाई संघीय सरकार तथा प्रदेश सरकारसँग माग गर्ने।

<u>तपसिल</u>

| क्र. सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सिर्पाचौरदेखि भ्यूटावर सम्म पथ मार्ग | बारेकोट १ | |
| २ | लिम्सा हानीसल्ला स्तरोन्नती | बारेकोट १ | |
| ३ | सिलिङ्गपाखा डाँडाखेत आकासेपुल | बारेकोट १ | |
| ४ | धौलाकोट सेरी ध्यारगाउ अर्यना पछ्याउरी स्याला मुल्साम जुम्ला सडक आयोजना | वडा नं २ | |
| ५ | लिम्सा देखि सेरी सडक | वडा नं २ | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१२/१६ आ.व. २०८०।८१ बैठक संख्या ०७

| | | | |
|---|---|---|---|
| ६ | सेरीखोला मोटरवल पुल | वडा नं २ | |
| ७ | लिम्सा रामीडाँडा झोलुङ्गे पुल | वडा नं २ | |
| ८ | मुल्साम चोतीकोट तरवरे धजाहाल्न पथमार्ग | वडा नं ३ | |
| ९ | मुल्साम मानव निर्मित ताल | वडा नं ३ | |
| १० | रुम्सील देखि कोथी ठाकुरज्यू पथमार्ग | वडा नं ३ | |
| ११ | राँगाबाचिल्लो पर्यटक पथमार्ग | वडा नं ४ | |
| १२ | दहदेखि साइकुरी शंखदह पथ मार्ग | वडा नं ४ | |
| १३ | एकराह देखि जुम्क मोटरेवल पुल | वडा नं ४ | |
| १४ | वालुवा गोठगाउँ हुदै साइकुरी पर्यटक पथमार्ग | वडा नं ४ | |
| १५ | अयारी खोला जलविद्युत योजनाबाट गोठगाउँ लाइन विस्तार | वडा नं ४ | |
| १६ | दह मोटरपुल | वडा नं ४ | |
| १७ | जगत आधारभुत विद्यालय ४ कोठे भवन निर्माण | वडा नं ४ | |
| १८ | भट्यान हुदै स्यालखेत देखि भित्ता खोला सम्म तटवन्धन | वडा नं ४ | |
| १९ | ५ नं वडा कार्यालय हुदै करुका नौमुली धुमा सडक | वडा नं ५ | |
| २० | मिनिग्रेड देखि लाइन विस्तार करुका धोरा तारेढुङ्गा मैन | वडा नं ५ | |
| २१ | थापाज्यूला देखि करुका सडक स्तरोन्नती | वडा नं ५ | |
| २२ | काफालपाटा देखि नेटा सम्म सडक निर्माण | वडा नं ५ | |
| २३ | कुनबगर देखि ढाँगाचौर फुलवारी पर्यटक पथमार्ग | वडा नं ७ | |
| २४ | कार्कीज्यूला सुवाकोट सिम्तरा सडक स्तरोन्नति | वडा नं ७ | |
| २५ | गोलखारा देखि सुवाकोट सडक निर्माण | वडा नं ७ | |
| २६ | जुम्ली पोखरी फूलवारी ढागाचौर साइकुरी तिर्थस्थल मैदल मार्ग | वडा नं ८ | |
| २७ | गोलखारा जुगेना कोटपाखा छिरिखोला सम्म सडक निर्माण | वडा नं ८ | |
| २८ | कुरीखोला बल्लेपाट जुम्ली पोखरी सडक स्तरोन्नति | वडा नं ८ | |
| २९ | जुम्ली पोखरी यरपोर्ट डि पी आर | वडा नं ८ | |
| ३० | टुन खोला माथी कासी देखि चौर सम्म लिफ्ट सिचाई योजना | वडा नं ९ | |

**निर्णय नं ४ - दोबिल्ला देउल सडक सम्बन्धमा।**

गाउँपालिकाको केन्द्र वडा नं २ लिम्साको दोबिल्ला देखि देवल सम्मको सडक असजिलो भई आवत जावतमा असहज भई सवारी दुर्घटनाको जोखिम समेत भएकाले सो सडकलाई प्राविधिक राय सल्लाह अनुसार साइड परिवर्तन गर्न आवश्यक देखिएको हुँदा नयाँ ट्र्याक दोबिल्ला देखि देवल जोड्ने सडक योजनाका लागि आवश्यक रकमको व्यवस्था गरी यसै चालु आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१२/१६ आ.व. २०८०।८१ बैठक संख्या ०७

**निर्णय नं ५ - ध्यापाटाकुरा लिम्सा सडक स्तरोन्नतीको म्याद थप सम्बन्धमा।**

ध्यापाटाकुरा लिम्सा सडक स्तरोन्नती योजना (ठेक्का नं. EGP/BRM/NCB/WORKS/12/076-77) को जिम्मा पाएको धुलिखेल/जे.के.जे.भी. ले मिति २०८०।१२।१३ गते ठेक्काको म्याद थप गरिपाउँ भनी निवेदन पेश गरेको देखिएको हुँदा उक्त सडक स्तरोन्नतीको म्याद आर्थिक दायित्वय नवढ्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ एवं खरिद नियमावली २०६४ वमोजिम मिति २०८१ आषाढ मसान्त सम्म म्याद थप गर्ने।

**निर्णय नं ६ - भगवती थान मन्दिर देखि खरि खोला सडक ढलान सम्बन्धमा।**

बारेकोट गाउँपालिका वडा नं १ रामीडाँडाको भगवती थान मन्दिर देखि खरी खोला सम्म सडक हिलाम्य भई दैनिकरुपमा संचालन हुने मोटरसाइकल तथा अन्य सवारी साधनहरुलाई समेत आवत जावत गर्न समस्या भएकाले उक्त सडकमा प्राविधिक राय सल्लाह अनुसार आवश्यक वजेट व्यवस्थापन गरी सडक ढलान गर्ने।

**निर्णय नं ७ - कर्मचारी इन्सेन्टिभ सम्बन्धमा।**

गाउँपालिकाबाट कायम भएका ५५८६ जना भूकम्प पीडितहरुको फारम विपद् पोर्टलमा इन्ट्रि गर्ने कार्य मौजुदा जनशक्तिले कार्यालय समय भित्र गर्दा समयमा नसकिने देखिएको हुँदा तोकिएको समय १० देखि ५ वजेको समय वाहेक अतिरिक्त कार्य गर्ने कर्मचारीलाई प्रति फारम रु ३० उपलब्ध गराउने।

**निर्णय नं ८ - रकमान्तरण सम्बन्धमा।**

गाउँपालिकामा स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये गाउँपालिको आवश्यकता एवं प्राथमिकताका आधारमा तपसिल वमोजिम वजेट रकमान्तरण गरी कार्यान्वियन गर्ने।

| क्र.सं. | हालको शिर्षक | रकम | रकमान्तर गरिएको शिर्षक | रकमान्तर रकम | कै. |
|---|---|---|---|---|---|
| १ | भगवती मावि जिरी भवन मर्मत | २,००,०००। | भगवती मावि जिरी फिल्ड मर्मत | २,००,०००। | |
| २ | संस्कृति पर्यटन प्रवर्धन वारेकोट चिनाउ कार्यक्रम | ९,००,०००। | कर्मचारी इन्सेन्टिभ | १७०,०००। | |
| | | | भगवती थान मन्दिर देखि खरिखोला सम्म सडक ढलान | १,५०,०००। | |
| | | | वडा नं. ३ को वडा कार्यालय घेरावार ढलान एवं स्तरोन्नती | १,५०,०००। | |
| ३ | जनप्रिय प्रावि स्याला मुल्साम घेरावार | २,००,०००। | जनप्रिय प्रावि स्याला मुल्साम भवन मर्मत एवं ढल निकास वडा नं. ३ | २,००,०००। | |
| ४ | भगवती आ.वि. वयला घेरावार | २,५०,०००। | भगवती आ.वि. बयला फिल्ड निर्माण वडा नं. १ | २,५०,०००। | |
| ५ | वडा नं. १ मा नर्सरी स्थापना वृक्षारोपन कार्यक्रम | २,२५,०००। | वोहोरा कोटिली खानेपानी निर्माण योजना वडा नं. १ | २,२५,०००। | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१२/१६ आ.व. २०८०।८१ बैठक संख्या ०७

**निर्णय नं ९ - रकम भुक्तानी सम्बन्धमा।**

तपसिल बमोजिमका योजनाहरु प्राविधिक प्रतिवेदनका आधारमा कार्य सम्पन्न भएको देखिन आएको हुँदा भुक्तानी दिने।

<u>तपसिल</u>

१. नेशनल सामुदायिक वालबिकास केन्द्र बारेकोट गा पा ३ पहाडा मुल्सामको छाना हावाहुरीले मिति २०८०।०२।२३ गतेका दिन उडाएर क्षति पुऱ्याएको हुँदा उक्त वालबिकासको छाना मर्मतको कार्य सम्पन्न भएको हुँदा प्राविधिक मुल्यांकनको आधारमा आएको रकम रु २२४०७.६८ विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।
२. ध्यापाटाकुरा लिम्सा सडक स्तरोन्नती योजना (ठेक्का नं. EGP/BRM/NCB/WORKS/12/076-77) को जिम्मा पाएको धुलिखेल/जे.के.जे.भी. लाई प्राविधिक मूल्यांकनका आधारमा चौथों रनिङ बिल वापत हुन आउने रकम रु १९,९९,८४७.३३ (अक्षरुपी उन्नाइस लाख उनान्सय हजार आठ सय सर्चालिस पैसा तेत्तिस मात्र) कार्यपालिकाको मिति २०८०।११।१८ गते बिनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो।
३. संघबाट प्राप्त भई प्रदेश सरकारबाट यस गाउँपालिकालाई हस्तान्तरण भएको नलगाड नगरपालिका र बारेकोट गाउँपालिका जोड्ने खारा बेलिब्रिज पुलको सामाग्रीहरु बाँके देखि बारेकोट खारा सम्म ढुवानी भई खारामा भण्डार गरी राखिएको खारा बेलिब्रिज सामान ढुवानीको रकम बिनियोजित बजेटबाट भुक्तानी हुने नेपाल प्रगती निर्माण सेवालाई रु ९,९५,५२७। (अक्षरुपी नौं लाख पन्चानब्बे हजार पाँच सय सत्ताइस मात्र) भुक्तानी दिने निर्णय गरियो।
४. दोविल्ला देखि ठाटीचौर सम्म सडक ट्र्याक ओपन निर्माण उपभोक्ता समितिले कार्य सम्पन्न गरेको देखिएको हुँदा उक्त योजनाको प्राविधिक मुल्यांकनको आधारमा हुन आएको रकम रु १४,६८,६०१। (अक्षरुपी चौध लाख अर्सट्ठी हजार छ सय एक मात्र) भुक्तानी दिने निर्णय गरियो।
५. वारेकोट गाउँपालिकाको मितिस २०८०।०६।२२ गतेको कार्यपालिकाको निर्णयानुसार बारेकोट अनलाइन प्रा लि लाई आधारभूत पत्रकारिता तालिम संञ्चालनका लागि लागि चालु खर्चको पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट भुक्तानी हुने गरी रु १५००००। रकम उपलब्ध गराउने निर्णय गरिएको भएता पनि स्रोतको अभाव हुँदा रु १,००,०००। भित्र रही सम्झौता गरी कार्यक्रम सम्पन्न भएको देखिएको हुँदा उक्त तालिम संचालनको रकम अक्षरुपी रु १,००,०००। (अक्षरुपी एक लाख मात्र) रकम भक्तानी गर्ने।
६. मिति २०८०।०३।१४ गते गाउँ पालिका र नेशनल बाल बिकास विद्यालयको छाना मर्मत उपभोक्ता समिति विच भएको सम्झौता बमोजिम कार्य सम्पन्न भई प्राविधिक मुल्यांकन अनुसार भुक्तानी दिन बाँकी रहेको रु २२४०७.६८ (अक्षरुपी बाइस हजार चार सय सात पैसा अर्सट्ठी मात्र) विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१२/१६ आ.व. २०८०।८१ बैठक संख्या ०७

**निर्णय नं १० - योजनाको नाम र रकम संशोधन सम्बन्धमा।**

बारेकोट गाउँपालिकामा आ व २०८०।०८१ मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार तथा यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरुको नाम र रकम फरक परेको हुँदा तपसिल बमोजिमको हुने गरी संशोधन गर्ने।

तपसिल

| क्र.सं. | वडा नं | योजनाको नाम | श्रोत | भएको रकम रु | हुनु पर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ७ | कुना बगर देखि सैनी हुदै धोरिया ढुँङ्गा सम्म घोरेटो बाटो निर्माण | नेपाल सरकार | ४३७००० | २६७००० | |
| २ | ७ | नाउली देवताको मन्दिर घेरावार मर्मत | आईडिए | २६७००० | ४३७००० | |

**निर्णय नं ११ - आर्थिक सहायता सम्बन्धमा।**

आर्थिक अवस्था कमजोर भएका कारण उपचारमा समस्या परेका देहाए बमोजिमका व्यक्तिहरुलाई उपचार कोषबाट खर्च हुने गरी आर्थिक सहायता प्रदान गर्ने।

तपसिल

| क्र.सं. | नाम | ठेगाना | सहयोग रकम रु |
|---|---|---|---|
| १. | हरिलाल नेपाली | बारेकोट ४ | २५,०००। |